कृषकको लागि तथ्यपत्र
नेपाल, पौष, २०७८

www.npponepal.gov.np

# गोलभेडाको पात खन्ने कीरा व्यवस्थापन

## समस्याको पहिचान

यो कीरा मुलुकभर फैलिरहेको पाईएको छ। यस कीराको लाभ्रेले गोलभेडाको पात, मुना, फल तथा काण्ड लाई आक्रमण गर्दछ । पात तथा मुनाको भित्रि सतहमा पुगेर सुरुगं बनाई हरित पदार्थ खाने गर्दछ जस्ले गर्दा बोट सुकेर मर्ने गर्दछ । यसका साथै यी कीराहरु, फलमा पनि सुरुगं बनाई फलको व्यवसायिक मान पनि घटाउने गर्दछ । यस पात खन्ने कीराको आक्रमण बाट जिवाणुको संक्रमण समेत हुने गर्दछ ।



वयस्क पुतली
(https://www.google.com/)

## समस्याको पृष्ठभूमि

कीराको पूर्ण जीवनचक्र चार अवस्था पुतली, अण्डा, लार्भा र प्युपा रहेका हुन्छन् । एक जीवन चक्र पुरा गर्न २४ देखि २८ दिन लाग्दछ । वयस्क पोथी पुतलीले मुख्यतया गोलभैंडाको पातको तल्लो भाग, डाँठ, मुना, फलको पत्रदल र भेट्नामा स-साना झुप्पा गरी २५० देखि ३०० वटा अण्डा पार्दछ । यसको अण्डा सानो, अण्डाकार, हल्का पहेलो रंगको हुन्छ। अण्डाबाट लार्भा ७ दिनमा निस्कन्छ र निस्कनासाथ पात, डाँठ, मुना तथा फल छेडेर भित्र पसी क्षती गर्न थाल्दछ । शुरुको अवस्थामा लार्भा हल्का पहेलो रंगको हुन्छ र पछि पात खादैजादा गाढा हरियो रंगमा परिवर्तन हुन्छ । पूर्ण विकसित लार्भा ९ मि.मि. को हुन्छ र यसको टाउको पछाडिको माथिल्लो भागमा रहेको कालो अर्धचन्द्रकार धब्बाले पहिचान गर्न सकिन्छ । लार्भा अवस्थामा यसले ३ पटक काचुली फेर्छ । सामान्यतया लार्भा अवस्था ८ दिनको र प्यूपा अवस्था १० दिन को हुन्छ र मुख्यतया प्यूपा माटो वा बालीको पात खाएर बनाएको सुरुङमा बिताउने गर्छ ।



लार्भा
(https://www.google.com/)

## व्यवस्थापन:

- गोलभेंडाका बेर्ना हुर्काउदा नर्सरीलाई जालीको गुमोज बनाएर ढाक्ने वा जाली घर भित्र बेर्ना हुर्काउने । सम्भव भए जाली घर भित्र गोलभैंडा खेती गर्ने ।
- गहिरो खनजोत तथा खेत बारीको सरसफाई गर्ने ।
- सम्भव भए प्लाष्टिक मल्चिङको प्रयोग गर्ने ।
- मित्रजीवहरू जस्तै माकुरा बारुलाहरू आदि को संरक्षणमा ध्यान दिने ।
- बेर्ना सार्ने ७ दिन अगावै देखि बत्ती पासो तथा टुटा मोहनी पासोको प्रयोग गर्ने
- निमजन्य बिषादी (एजाडिराक्टिन ३ मि. ली. प्रति ली. पानी) र ब्यासिलस थुरेन्जिनेसिस २ ग्राम प्रति ली. पानीका दरले ७ दिनको फरकमा आलोपालो गरेर प्रयोग गर्नुपर्छ ।
- कीराको प्रकोप धेरै भएमा मात्र कीटनाशक विषादीको प्रयोग गर्ने । विषादी प्रयोग गर्दा क्लोरान्ट्रानिलिप्रल १८% एस. सी. ३ मि. ली प्रति १० ली पानीमा अथवा स्पिनोस्याड ४५% १ मि. ली. प्रति ली पानीमा आलोपालो गरी प्रयोग गर्ने र ७ दिन पर्खिनु पर्ने अवधि कम्तिमा पनि ७ दिनको हुनुपर्छ ।



पात तथा फलमा पुऱ्याएको क्षति
(https://www.google.com/)

**Scientific name ▸ *Tuta absoluta***

*विषादीको प्रयोग गर्दा नाक, मुख, आँखा, कानका साथै पुरै शरीरको छाला छोपिने गरी सुरक्षित पहिरन लगाउनु पर्दछ । विषदीको लेबल राम्रोसँग अध्ययन गरी प्रयोग गर्ने मात्रा, पटक र प्रयोग पछि बाली टिप्ने समय राम्रोसँग ख्याल गर्नु पर्दछ । विषादी चर्को घाम वा हावा लागेको समयमा छर्कन हुदैन ।*

**यो तथ्यपत्रमा सिफारिस गरिएका विवरणहरु नेपालको लागि सान्दर्भिक छ ।**

**प्लान्ट क्वारेन्टाइन तथा विषादी व्यवस्थापन केन्द्र**

तयारकर्ता : शृणु कुमारी झा, वाली संरक्षण अधिकृत
सम्पर्क: प्लान्ट क्वारेन्ट्इन तथा विषादी व्यवस्थापन केन्द्र, हरिहरभवन, ललितपुर
Tel : 9847338468
Email : shrinu555jha@gmail.com

**सम्पादन**
रामकृष्ण सुवेदी
मो.नं.
९८५१२३७९४४